**<u>बिद्युतीय माध्यमबाट वीजक (ई–विलिंग) जारी गर्ने सम्वन्धी आन्तरिक राजस्व कार्यालय दमौलीको</u>**

**<u>अत्यन्त जरुरी सूचना</u>**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा आयकर ऐन, २०५८ मा व्यवस्था भए अनुसार आन्तरिक राजस्व विभागबाट देहायका करदाताहरुले मिति २०७९साल साउन १ गतेदेखि लागू हुने गरी अनिवार्य रुपमा विद्युतीय माध्यम (ई-विलिंग वा कम्प्युटर विलिंग) बाट वीजक जारी गर्नुपर्ने गरी तोकिएकोले सम्वन्धित सवैलाई सूचित गरिएको छः

*(क)* आ.व. २०७७/७८ वा २०७८/७९ मा मूल्य अभिवृद्धि कर तथा आय विवरण मध्ये कुनै एकमा रु १० करोडभन्दा बढीको जुनसुकै वस्तु तथा सेवाको कारोवार गरेका करदाताहरु *(तर उपभोक्ता/ग्राहकलाई सिधै वीजक जारी नगर्ने बैंक र वित्तीय संस्था जस्ता निकायको कारोवारमा यो व्यवस्था लागू हुने छैन )*

(ख) बक्स अफिस प्रणालीमा आवद्ध काठमाडौ उपत्यका बाहिरका समेत सम्पूर्ण सिनेमा हलहरु

माथि उल्लिखित करदाता र विभागको मिति २०७५।११।२९ को सूचनामा तोकिएका देहायका करदाताहरुले अनिवार्य रुपमा बिद्युतीय वीजक जारी गर्नुपर्ने प्रावधान यथावत नै रहेको व्यहोरा पनि सूचित गरिएको छः

(क) बार्षिक रु ५ करोडभन्दा बढीको होटल, रेष्टुरेण्ट तथा चमेना गृह र इन्टरनेट सेवा प्रदायकको कारोवार गरेका करदाताहरु

(ख) बार्षिक रु १० करोडभन्दा बढीको कारोवार गरेका डिपार्टमेण्टल स्टोर, मार्ट र फ्लोरिंङ्ग तथा फर्निसिङ्गको कारोवार गरेका करदाताहरु

यस सूचनाममा तोकिएका बाहेकका जुनसुकै करदाताले अनुमति लिई स्वैच्छिक रुपमा विद्युतीय विजक जारी गर्न सक्नेछन । तर यसभन्दा अगाडि नै अनुमति लिई विद्युतीय विजक जारी गरिरहेका करदाताहरुले पुनः अनुमती लिनु पर्नेछैन । विद्युतीय माध्यमबाट विजक जारी गर्ने व्यक्तिले विभागमा सूचीकरण गरिएका उपकरण वा सफ्टवेयर मात्र प्रयोग गर्नु पर्नेछ ।

थप जानकारीका लागि आफू दर्ता गरेको कार्यालयमा सम्पर्क गर्नु हुन तथा विद्युतीय विजक सम्वन्धी कार्यविधि २०७४ अध्ययन गर्नहुन अनुरोध गरिन्छ ।सूचीकरण भएका सफ्टवेयर तथा कार्यविधि विभागको वेभसाइट www.ird.gov.np मा राखिएको छ ।